अंक:१६ पौष -१८ चैत्र २०८०

# पैरवी




संयोजनः
कमला पोखरेल

प्रकाशनमा सहयोग :
उषा गाईजु

ओरेकले महिला अधिकारका सवाललाई समुदाय तहदेखि उठान गरी यसको सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको हामी अवगतै छौं । साथै यस संस्थाले लामो समयदेखि महिलाको मानव अधिकार र सामाजिक न्यायका सवालमा निरन्तर कार्य गरिरहेको छ । सोहि अभियानलाई निरन्तरता दिंदै ओरेकले फेरी आफ्नो त्रैमाशिक न्यूजलेटर प्रकाशन गरेको छ । पैरवीको यस अंकमा ओरेकले जनवरी २०२४ देखि मार्च २०२४ सम्म सञ्चालन गरेका विषयगत क्षेत्र अन्तर्गतका अभियान तथा पैरवीमूलक कृयाकलाप समावेश गरिएको छ ।

पैरवीको यस अंकमा विशेष गरी ओरेकका विषयगत क्षेत्रहरुको जानकारी, विश्व महिलावादी मञ्च ,अन्तराष्ट्रिय महिला दिवस, बढ्दो दण्डहिनता विरुद्ध सामाजिक संजाल अभियान, भूकम्प प्रभावित महिलाहरुका लागि सुरक्षित स्थलको निर्माण र विपद्को अवस्थामा महिला मानव अधिकारको सुनिश्चितताका लागि संचालित अभियान, CSW 68 मा ओरेकका संच्लाना गरेको भर्चुअल कार्यशाला, युवा मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा सम्बन्धी पुनर्ताजगी तालिम र महिला अधिकारका सवालमा ओरेकद्धारा नियमित गरिएका खवरदारी लगायतका विषयहरुमा गरेका मुख्य गतिविधि प्रकाशन गरिएको छ ।

**ओरेक**
**बालकुमारी, ललितपुर फोन नं ०१-५१८६०७३**
**ईमेल :ics@worecnepal.org**
**वेबसाइट:www.worecnepal.org**
**हटलाईन नाम्बरारु: १६६००१७८९१० १६६०२१५२०००**

WOREC

# विश्व महिलावादी मञ्च २०२४ काठमाण्डौको भृकुटि मण्डपमा घोषणा पत्र जारी गर्दै सम्पन्न




विश्व सामाजिक मञ्च २०२४ अन्तर्गत विश्व महिलावादी मञ्च "संरचनागत विभेद विरुद्धको प्रतिरोध" भन्ने नारा सहित महिला, किशोरी, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यिक समुदायको मानव अधिकारको सवालमा कार्यरत अभियन्ताहरुको सहभागिता तथा ऐक्यवद्धतामा फेब्रुवरी १६ देखि १९ सम्म काठमाण्डौको भृकुटि मण्डपमा सफलतापूर्वक सम्पन्न भएको थियो । महिला पुनर्स्थापना केन्द्र (ओरेक) लगायत ४० भन्दा बढी समुदाय तहदेखिका राष्ट्रिय, अन्तराष्ट्रिय सह–आयोजक संघ संस्थाहरुको संयुक्त आयोजनामा ३००० भन्दा बढी व्यक्तिहरुको सहभागितामा ऐक्यवद्धता सहितको र्यारलीबाट शुरुवात भएको विश्व महिलावादी मञ्चको उद्घाटन "न्यायका लागि सँगसगैं–हामी सबैको ऐक्यवद्धताद्वारा अर्को विश्व सम्भव छ" भन्ने मुख्य विषयवस्तुमा केन्द्रित भइ गरिएको थियो । यस कार्यक्रमको उद्घाटन सत्र जबरजस्ती उठिवासबाट हालका दिनहरुमा महिला तथा बालबालिकाहरु प्रभावित भैरहेको परिप्रेक्ष्यमा मर्मस्पर्शी लघु नाटकबाट सुरु भएको थियो भने यसको समापन हाम्रो ऐक्यबद्धताबाट परिवर्तन सम्भव छ भन्ने बहसमा जोड दिँदै यसको घोषणा पत्र जारी गरी भएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा मेक्सिकोकी महिलावादी अभियान्ता रोजा इल्भा, भारतका असमानता विरुद्धका अभियन्ता अमिताब बेहार, क्यानडाकी क्यारमिन्डा म्याक लोरिन, नेपालकी महिलावादी राजनीतिकर्मी विन्दा पाण्डे, अष्ट्रेलियाकी शान्ति अभियन्ता मिशेल हेग्लिन, गाम्बियाकी सामाजिक अभियन्ता बरी टंकारा लगायतका वक्ताहरुले आफ्ना धारणा राखेका थिए । यस मञ्चमा २२ देशका ४७ जना वक्ताहरुका साथै समुदाय तहदेखि, राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तिहरुको सहभागितामा १२ वटा विभिन्न विषयगत सवालहरुमा अन्तरक्रियात्मक छलफल गरिएको थियो ।

रुपान्तरित महिलावादी नेतृत्व, महिलाको शरीर माथिको नियन्त्रण, श्रमको अधिकार, भूमि तथा बास अधिकार, खाद्य अधिकार, पर्यावरणीय न्याय, अन्तरपुस्ता नेतृत्व लगायतका विषयवस्तुहरुमा श्रृंखलाबद्ध रुपमा गरिएको अन्तरक्रियात्मक छलफलका दौरानमा व्यक्त गरिएका अनुभव र सुझावहरुको आधारमा फाल्गुन ०७, २०८० अर्थात १९ फेब्रुवरी २०२४ मा यस मञ्चले **११ बुँदे घोषणा पत्र** समेत जारी गरेको थियो ।



**“संचानात्मक असमानताहरु विरुद्ध विश्वव्यापी महिलावादी ऐकबद्धता तत्काल आवश्यक छ | शक्ति सम्बन्ध र पदानुक्रमलाई पुन आकार दिने स्वायत्त महिलावादी आन्दोलनहरु मार्फत मात्र असमानताहरु हटाउन सकिन्छ “**

**रोजा इल्भाजुनिगा**
**महिला अधिकारकर्मी ,मेक्सिको**

विश्वका ९८ देशबाट उपस्थित सहभागिहरुका साथै विश्व महिलावादी मञ्चमा सहभागि सम्पूर्णद्धारा अहिले विश्वमा विभिन्न रुपमा रहेको साम्राज्यवादी, कट्टरपन्थी र क्रुर शासनको राजनीति नै विश्वभर बढ्दो असमानता र युद्धको सबै भन्दा ठूलो कारण भन्ने निस्कर्ष निकाल्दै अहिले भइरहेको गाजा, पश्चिमी क्षेत्रको युद्ध, युक्रेन, म्यानमार, मणिपुर, अफगानिस्तानमा भइरहेको क्रुर अवस्था यसका केही ज्वलन्त उदाहरणहरूको रुपमा प्रस्तुत गरिएको थियो । यस्ता सबै प्रकारका युद्ध, सशस्त्र संघर्ष र सैन्य अधिनायकत्वमा महिलाहरूले सबैभन्दा बढी पीडा भोग्नुपरेको यथार्थता उजागर गर्दै यसको अन्त्यका लागि महिलावादी अधिकारकर्मीहरुले विश्वव्यापी रूपमा समुदायको नेतृत्वमा शान्तिपूर्ण आन्दोलनहरूलाई बलियो बनाउन र न्यायपूर्ण संसार निर्माणको लागि साम्राज्यवादी, कट्टरपन्थी र तानाशाही शासनहरूको सामना गर्न रुपान्तरणकारी महिलावादी राजनीतिक प्रणाली आवश्यक रहेको तथा त्यसका लागि महिलावादीहरु संघर्षशील रहने प्रतिवद्धता व्यक्त गरिएको थियो ।

विश्व महिलावादी मञ्चमा सहभागी ३ हजार भन्दा बढी महिलावादीहरूले गाजा र अन्य देशहरूमा तत्काल युद्धविरामको माग गर्दै सबै नागरिकको अधिकार संरक्षण, स्वः पहिचान स्वीकार र आत्म सम्मानको अधिकार सहित न्यायोचित विश्व आजको आवश्यकता हो भन्ने तथ्यलाई दर्विलोसँग उठान गरेका थिए । ओरेकका तर्फबाट संस्थाका संस्थापक अध्यक्ष डा. रेणु अधिकारी, कार्यकारी निर्देशक सुनिता मैनाली तथा कार्यक्रम संयोजकहरुले विभिन्न विषयगत क्षेत्रका सत्रहरुको सहजीकरण गरिएको थियो ।





# ११४ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस –२०२४ विभिन्न कार्यक्रमका साथ सम्पन्न

महिलाको सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक उपलब्धिहरूको समीक्षा गर्दै ८ मार्च, २०२४ को अवसर पारेर ओरेकले ११४ औं अन्तराष्ट्रिय श्रमिक दिवस विभिन्न कार्यक्रमहरुको आयोजना गरी विभिन्न जिल्लाहरुमा मनाएको थियो । संयुक्त राष्ट्रसंघबाट पारित **Invest in women: Accelerate Progress** भन्ने अन्तर्राष्ट्रिय नारा र नेपालमा **"महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी"** भन्ने राष्ट्रिय नाराका साथ यो दिवस देशभर मनाइएता पनि देशमा आम जनताले सामाजिक न्यायको अनुभूति गर्न नपाएको अहिलेको अवस्थामा महिलामाथि गरिएको लगानीले सभ्य र समुन्नत समाजको थालनी हुन सक्दैन भन्दै ओरेकले **"सामन्ती जडसुत्रवादी, पुँजीवादी पितृसत्तात्मक सोच विरूद्धको सङ्घर्षमा लगानीः सभ्य र समुन्नत समाजको थालनी"** भन्ने संस्थागत नारा घोषणा गरी अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस समुदायतहेखि राष्ट्रिय तहमा विभिन्न कार्यक्रमहरुको आयोजना सहित अन्य संघसंस्थाको ऐकवद्धतामा मनाएको थियो ।

यस दिवसको पुर्वसन्ध्यामा मार्च ६, २०२४ का दिन ओरेकले विश्व महिलाबादी मञ्चबाट तयार पारेको ११ बुँदे घोषणा पत्रमा उठान भएका सवालहरुलाई सम्बोधन गर्न सम्बन्धित सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदै काठमाण्डौमा पत्रकार सम्मेलनको आयोजना गर्यो भने मार्च ७ मा र्यालीको आयोजना गरी कोणसभा गरेको थियो । मार्च ६ मा भएको पत्रकार सम्मेलनमा ओरेकले सन् २०२४ मा महिलाबादीका तर्फबाट एकपटक नेपाल सरकार लगायत विश्वभरका सबै




सरकारलाई हालको राजनीतिक, आर्थिक संरचनामा परिवर्तन गर्दै विश्वमा हरेक व्यक्तिले सम्मानपुर्वक बाँच्न पाउने अधिकार सुनिश्चित हुने वातावरण निर्माण गर्न अपिल गरेको थियो । त्यसैगरी काठमाण्डौमा महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको नेतृत्व र महिला अधिकारको क्षेत्रमा अभियानरत ३० भन्दा बढी संघ संस्थाको संयुक्त आयोजनामा मार्च ७ मा भृकुटि मण्डपदेखि पुतलीसडक, बागबजार हुँदै र्यालीको आयोजना गरिएको थियो । उक्त र्याली पछिको कोणासभामा विभिन्न सञ्जालका प्रमुख तथा प्रतिनिधिले महिलाको कामको पहिचान, सम्मान र मूल्यांकन गर्दै सम्पूर्ण सेवामुलक कामलाई उत्पादनमुलक काममा रुपान्तरण गरिनु पर्दछ र महिलाको आर्थिक, सामाजिक र राजनैतिक अधिकारहरु सुनिश्चित गर्नका निम्ति महिलामाथि हुने सबै प्रकारको विभेद र हिंसाको अन्त्य हुनुपर्छ, जबसम्म महिलाको श्रम अधिकार सुनिश्चित हुदैन तवसम्म महिला अधिकारका लागि खवरदारी निरन्तर रहने धारणा ब्यक्त गरेका थिए । यस कार्यक्रममा अधिकारकर्मीहरुले देशमा बढ्दो दण्डहीनताको विरुद्धमा सम्बन्धित पक्षहरुलाई खबरदारी गर्दै मार्च ८ मा **बढ्दो दण्डहिनता, जवाफदेही को** भन्ने प्रश्नका साथ सामाजिक सञ्जाल मार्फत अभियान सञ्चालन गरेको छ । जस अन्तर्गत संस्थाको फेसवुक पेजको प्रोफायल परिवर्तन तथा विभिन्न जिल्लामा सरकारलाई ध्यानाकर्षण पत्र समेत बुझाइएको थियो ।

मार्च ८ को सन्दर्भ पारेर काठमाण्डौ लगायत विभिन्न जिल्ला दाङ, कैलाली, उदयपुर, रुकुम, मोरङ, धनुषामा पनि महिला अधिकार तथा श्रमिकहरुको क्षेत्रमा कार्यरत संघ संस्था, महिला मानव अधिकार रक्षकहरुको जिल्ला सञ्जालसंगको समन्वय तथा सहकार्यमा र्याली तथा अन्य जनचेतनामूलक कार्यक्रमको आयोजना गरेको थियो । काठमाण्डौको बुढानिलकण्ठ नगरपालिकामा महिलाहरुले चित्रकलाको माध्यमबाट जीवनकहानीको बारेमा बताउका थिए । ओरेकले यस अवसरमा प्रेस विज्ञप्ती समेत जारी गरी आफ्नो सामाजिक सञ्जाल मार्फत सार्वजनिक गरेको थियो ।

# समुदायको आवश्यकता केन्द्रित र परिणाममुखी १६औं पञ्चबर्षिय योजनाका लागि सुझाव पेश



विद्यमान संरचनागत बिभेदको अन्त्य विना दिगो विकास असम्भब भएकाले राष्ट्रिय योजना आयोगद्धारा निर्माण हुँदै गरेको १६औं पञ्चवर्षिय योजनामा समावेश नीति कार्यक्रम समुदाय मैत्री, समुदाय केन्द्रीत र परिणाममुखी बनाउनका लागि ओरेकको नेतृत्वमा तरगिंनी फाउण्डेसन तथा बिभिन्न संघ संस्था तथा विकासका साझेदारहरुसँगको अन्तरकृया तथा कार्यशाला गरी त्यँहाबाट प्राप्त सुझावहरुलाई विभिन्न १८ वटा बुँदा सहितको सुझाव राष्ट्रिय योजना आयोगमा पेश गरेको थियो । १७ जनवरी २०२४ का दिन ओरेकका तर्फबाट आयोगमा पेश गरिएका सुझावहरु २७ डिसेम्वर २०२३ मा सम्पन्न **Exploring Nepal's 16th periodic Plan : An interaction on Comprehensive and Equitable Development"** नामक अन्तर्कृया कार्यक्रमका सरोकारवालाहरुको सुझावका आधारमा तयार पारिएको थियो । उक्त सुझावहरु बन्दै गरेको १६ औं योजना श्रोत सहितको पुर्ण योजना बनाइनु पर्ने, यो योजनाको निर्माण वातावरणीय न्याय, पुर्नवितरणीय न्याय, सामाजिक न्याय र आर्थिक न्यायको अबधारणाबाट गरिनुपर्ने, महिला माथि हुने हिंसा र विभेद पितृसत्तात्मक सोचका कारण भएकाले यस किसिमका सोचका विरुद्ध सबै स्थानीय तहमा सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्नका लागि योजना बनाइनुपर्ने, महिला तथा बालबालिका माथि हुने कुनै पनि प्रकारको हिंसा र बिभेद विरुद्ध एकिकृत योजना तयार गरी कार्यान्वयन गर्नु पर्ने, हिंसा प्रभावित महिलाहरुको न्यायमा पहुँच सुनिश्चितता हुने र आत्मसम्मानका साथ जीवनयापनका लागि सम्मानजनक रुपले आवश्यक सहयोगी संयन्त्रहरुको (पुनर्स्थापना, पुनर्मिलन, स्वास्थ्य, कानूनी सहयोग, मनोबिमर्श, दिगो जीविकोपार्जनमा सहयोग आदि) विकास र यसमा प्रभावितको पहुँच सुनिश्चित गर्नु पर्ने, महिला भित्रको विविधिकरणहरुमा पनि अपाङ्गता भएका, मधेशी, दलित, जनजाति, मुश्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बेचबिखनबाट प्रभावित, द्वन्द्व प्रभावित, हिंसा प्रभावित, एकल आमा एवं विधवा महिलाहरूका फरक फरक आवश्यकता हुन्छन् भन्ने तथ्यलाई अङ्गिकार गरी उनीहरुको आवश्यकता अनुसार हालका जीवन स्तरमा रुपान्तरण हुने खालका लैंगिक रुपान्तरणकारी महिला सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनुपर्ने र विकासलाई अकंमा मात्रै मापन गर्ने संकिर्ण मानसिकता र बुझाईलाई चिर्दै लैङ्गिक समानता र सामाजिक न्यायको दृष्टिकोणबाट विकासलाई बुझ्दै र आत्मसाथ गर्दै अनुगमन तथा मुल्यांकनका खाकाहरु सोहि अनुरुप निर्माण गरी लागु गरिनुपर्नेमा जोड दिइएको छ ।

यसका साथै लोकतन्त्रले ल्याएका उपलब्धिलाई संस्थागत गर्दै चुनौतिपुर्ण र विकराल देखिएको भ्रष्टाचारको प्रवृत्ति अन्त्य गर्न भ्रष्टाचार विरुद्धको सांस्कृतिक अभियान सञ्चालन गरिनु पर्ने, महिलाले गर्ने सबै प्रकारका श्रमले राज्यको आर्थिक प्रणालीमा योगदान गरेको हुँदा त्यस किशिमका श्रमलाई मर्यादित श्रम तथा श्रमबाट जिवन धान्न पुग्ने ज्यालाको सुनिश्चतताको लागि उत्पादन सामग्री, उत्पादन, पुँजी र बजारमा महिलाको अर्थपुर्ण सहभागिता र नेतृत्व सुनिश्चित गर्ने योजना बन्नु पर्ने, स्वदेश भित्रको आन्तरिक उत्पादन र बजारीकरणलाई प्राथमीकता दिईयोस् र घरेलु श्रम लगायत अन्य श्रमलाई सुचिकृत गरी सामाजिक सुरक्षा योजनामा समावेश गरिनुपर्ने, सामाजिक विभेद र आर्थिक अधिकार हनन् का कारण महिलाहरु स्वास्थ्य सेवाबाट ् बञ्चित हुनुपरेको अवस्थालाई ध्यानमा राखी महिला स्वास्थ्य

अन्तर्गत योजना बनाउँदा एकीकृत ढंगले योजना बनाइनु पर्ने, मानसिक स्वास्थ्य सेवालाई अत्यावश्यक स्वास्थ्य सेवाको रुपमा लिई उक्त सेवा प्राप्तिका लागि सोहि अनुसार संयन्त्र निर्माण गरी सेवा प्रवाह गरिनुपर्ने, वैदेशिक रोजगारमा गएका र त्यहाँबाट फर्किएका श्रमीकहरुको ठुलो संख्या बेरोजगारीको समस्याबाट ग्रसित छ । उनीहरुको श्रम तथा सिपलाई नक्साङ्कन गरी सोहि अनुसार स्वरोजगार र नेपालमै मर्यादित जीवन यापन गर्न पाउने वातावरण निमार्ण गर्ने योजना निर्माण र कार्यान्वयन गरिनुपर्ने, किसानले उत्पादन गरेको वस्तु लगायत गैर कृषिमुलक वस्तुको उत्पादकत्व बृद्धि गर्दै सहज बजारिकरणको लागि रणनीति नै तय गरी कार्यान्वयन गरिनुपर्ने, यौनीक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएको ब्यक्ति र त्यस भित्र पनि महिला तथा किशोरीले भोग्नु परेको बिभेद, आर्थिक असमानता लगायत र पहिचानको सवाललाई चिर्न उक्त समुदायको समन्वयमा बिशिष्ट कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनुपर्ने, प्राकृतिक प्रकोप र बिपद्को पुर्व तयारी, प्रतिकृया संयन्त्र, पुनर्निर्माण लगायत सबै प्रकृयामा महिलाको अर्थपुर्ण सहभागिता र नेतृत्व सुनिश्चित गर्नका लागि आवश्यक रणनीति यस योजनामा समावेश गरिनुपर्ने, मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमीकहरुको मर्यादित श्रम सहितको सामाजिक सुरक्षा सुनिश्चित गर्न योजना बनाइनु पर्ने, लैङ्गिक समानता ऐनको आवश्यकता रहेको वर्तमान परिप्रेक्षयमा लैङ्गिक समानता ऐन नै निर्माण गरी लागु गर्न योजना बनाइनु पर्ने, १६ औँ योजनालाई नेपाल सरकारको बार्षिक योजनासँग जोड्दै बजेट सहित त्यसको प्रभाविकारी कार्यान्वयनको सुनिश्चितता गर्नु पर्ने रहेका छन् ।

योजनावद्ध दिगो विकासको लक्ष्य प्राप्त गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले आफ्नो स्थापना कालदेखि नै योजना सहितको श्रोत साधनको व्यवस्था तथा यसको विनियोजन गर्दै आएको र आगामी पञ्च वर्षिय योजनामा आउनु कार्यक्रम महिला मैत्री बनोस भन्नका लागि यस किसिमका सुझावहरु पेश गरिएको हो । कार्यक्रममा राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, पालिकाका जनप्रतिनिधिहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सघसंस्थाका प्रतिनीधिहरु, महिला तथा मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु लगायत ५० जना भन्दा वढी सरोकारवालाको उपस्थिती रहेको थियो ।

## मार्च ०८ को अवसरमा बढ्दो दण्डहीनतामा जवाफदेहिताको खोजी अभियान थालनी




ओरेकले यस वर्ष **सामन्ती अर्थव्यवस्था, नव–उदारवादी नीति र पितृसत्तात्मक संरचनाका** कारणले महिलाले गर्ने हरेक क्षेत्रको श्रममा परेको प्रभावलाई विश्लेषण गर्दै सबै श्रमिक महिलाहरुको अगुवाइमा श्रमिकहरुको आन्दोलनको अभियानलाई थप सुदृढ बनाउन सम्बन्धित सरोकारवालाहरूबीच साझा मञ्च निर्माण गर्दै महिला श्रमिकहरुको मुद्धालाई समेटेर वकालत गर्ने र बढ्दो दण्डहीनताको विरूद्धमा सामाजिक सञ्जाल अभियानका साथ ७७ वटै जिल्लामा महिला मानव अधिकार रक्षकहरुसंगको समन्वय तथा सहकार्यमा दण्डहीनताको विरुद्धमा ज्ञापन पत्र बुझाउने जस्ता खबरदारीका अभियानहरु सञ्चालन गरेको थियो । संस्थाले आफ्नो सामाजिक सञ्जालको प्रोफायलमा समेत **बढ्दो दण्डहिनता, जवाफदेही को** भन्ने फोटो फ्रेमको प्रयोग गरी जवाफदेहिताको खोजी गरेको छ । सामाजिक रुपान्तरणको यस अभियानमा ओरेक निरन्तर अभियानरत रहेको र यस अभियानमा सबैको ऐक्यवद्धताको अपील गर्दै संस्थाले प्रेस विज्ञप्ति समेत जारी गरी नेपालमा भएको विश्व सामाजिक मञ्च अन्तरगत आयोजना गरिएको विश्व महिला मञ्चले जारी गरेको घोषणा पत्र समेत जारी गरेको छ ।

# भूकम्प प्रभावित महिलाहरुका लागि भरोसाको केन्द्रका रुपमा सुरक्षित स्थलको निर्माण

ओरेकले स्थानिय सरकार; पालिका, प्रहरी, स्वास्थ्य लगायत अन्य स्थानिय सरोकारवाला निकायहरुसँगको सहकार्यमा कर्णाली प्रदेशको रुकुम र जाजरकोट जिल्लामा महिलामैत्री स्थलहरु स्थापना गरी भूकम्प प्रभावित महिलाहरुका लागि सेवा प्रवाह गरिरहेको छ । उक्त जिल्लामा भुकम्प प्रभावित, सिमान्तकृत, विपन्न वर्गका, अपाङ्गता तथा बृद्ध, सुत्केरी तथा गर्भवती, लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई अप्ठ्यारोमा परेको अवस्थामा अल्पकालिन समयको लागी बास बस्ने, छलफल गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने स्थलको रुपमा यी स्थलहरुबाट सेवा प्रवाह गरिएको हो । यस महिलामैत्री स्थल स्थापनाको मुख्य उद्देश्य महिलाहरुले खुलेर आफ्नो कुराहरु राख्न सकुन् र त्यसका लागि सहज वातावरण निर्माण होस् भन्ने रहेको र यस किसिमका केन्द्रबाट आफ्नो समस्याहरुको बारेमा छलफल गर्ने, सुचनाहरु प्रप्त गर्ने सुरक्षित स्थलको निर्माण गर्नु रहेको छ ।



हयस ३ महिनाको समयमा महिला मैत्री स्थलहरुबाट रुकुम जिल्लामा लैङ्गिक हिंसा प्रभावित तथा मानसिक समस्या भएका २७६ जना महिला र ५ जना पुरुषहरुलाई मनोविमर्श सेवा, ६५८ जनालाई घरदैलो भेटघाट, ८२ महिलाहरुलाई स्नेह किट, २८७१ जना व्यक्तिहरु माझ अभिमुखिकरण र १६७ पुरुष र ११७९ महिलाहरुलाई मनो–सामाजिक प्राथमिक उपचार जस्ता सेवाहरु प्रवाह भएको छ भने जाजरकोटबाट लैगिक हिंसा प्रभावित तथा मानसिक समस्या भएका ६९ जना महिला र ४ जना पुरुषहरुलाई मनोविमर्श सेवा, ७ परिवारलाई पारिवारिक मनोविमर्श, ४३ महिलालाई स्नेह किट, ६२ पुरुष र ३२३ महिलाहरुलाई मनोसामाजिक प्राथमिक उपचार, १२ जना पुरुष र ६२ जना महिलालाई प्राथमिक उपचार र १२९९ जना व्यक्तिहरु माझ अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ । यसका साथै दुवै जिल्लामा गरी ५१ पुरुष र ११०३ महिलाहरुलाई पोषिलो खाना साथै २१ जना महिलालाई आवासको सहयोग प्रदान गरिएको छ ।

महिला मैत्री स्थलहरु सञ्चालन भए पश्चात सेवा प्राप्त गर्ने तथा समुदायका अन्य महिलाहरुले यस अघि लैङ्गिक हिंसा सम्बन्धि कुनै पनि संघ संस्थाले काम नगरेको हुँदा महिला मैत्री स्थल सञ्चालन भएदेखि महिलाको कुरा सुन्ने स्थान रहेकाले मनमा वर्षौदेखि दविएर रहेको समस्याहरु यस स्थलमा आएर खुलेर बताउन थालेको बताएका छन् । साथै समुदायका व्यक्तिहरुमा यस अघि मनोविमर्शको बारेमा कुनै जानकारी नभएको र महिलामैत्री स्थल सञ्चालन भए पछि सो बारेमा जानकार भएको कुरा पनि थाहा भएको छ । समुदायमा अभिमुखीकरण गर्ने क्रममा पाठेघर सम्बन्धि समस्या, मनोसामाजिक समस्या, बाल विवाह र त्यससँग सम्बन्धित घरेलु हिंसा, हिंसा प्रभावित भएको तर सहयोगी निकाय तथा कानुनी प्रावधानहरुका बारेमा उचित जानकारी नभएको कारण दबिएका मुद्धाहरु पहिचान हुन सकेका छन् भने समाजमा भएका कुलतहरु जस्तैः मदिरापान र यसले समग्र समाजमा पार्ने असरहरु केलाउने वातावरण पनि निर्माण भएको छ । यसले सम्बन्धित स्थानिय निकाय र सरोकारवालाहरुसँग पैरवी गर्न आधार समेत स्थापित गरेको छ । २०८० साल कार्तिक १७ गते रातीको बिनासकारी भुकम्प गए लगत्तै ओरेकले स्थानिय सरकार; पालिका, प्रहरी, स्वास्थ्य लगायत अन्य स्थानिय सरोकारवाला निकायहरुसँगको सहकार्यमा रुकुम जिल्लामा ५ र जाजरकोटमा ३ गरी जम्मा ८ वटा महिला मैत्री स्थलहरु स्थापना गरी सेवा प्रवाह गर्ने काम सुरु गरेको हो । महिलामैत्री स्थल निर्माण गरी स्थानीय महिला तथा किशोरीलाई सेवा दिन स्थानीय सरकारका भावि कार्यक्रम निर्माण हुनु पर्नेमा ओरेकको पैरवी सुरु भएको छ ।

# विपद्‌को अवस्थामा महिला मानव अधिकारको सुनिश्चितताका लागि ओरेकका अभियान  नियमित सञ्चालन



भूकम्पबाट प्रभावित रुकुम तथा जाजरकोटका विभिन्न पालिकाहरुमा महिला सुरक्षा स्तरको निर्माण गरी ओरेकले समुदायका महिलाहरुलाई महिला मानव अधिकारका बारेमा सुसुचित गर्न सुरक्षा स्थलहरुबाट नै  समुदायमा अभिमुखिकरणका कार्यक्रमहरु नियमित सञ्चालन गरिरहेको छ । लैङ्गिक हिंसा, यसका प्रकार, विपद्‌को अवस्थामा महिलाका विशेष आवश्यकताहरु, महिला माथि हुने हिंसाका स्वरुप, मनोसामाजिक समस्याहरु, मनोविमर्श, र अन्य परिवेश अनुरुपका विषयवस्तुहरुमा (लागु औषध दुव्यसनी, बाल विवाह) सामुदायिक सहजकर्ताहरूद्वारा अभिमुखिकरण सत्रहरु सञ्चालन हुँदै आएका छन् ।

यस सँगै रुकुम जिल्लामा एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) अन्तर्गत रही मनोविमर्शकर्ता मार्फत मनोविमर्श सेवाहरु प्रवाह भइरहेको छ । यी कार्यक्रमहरुबाट समुदायमा रहेका महिला मैत्री स्थलसम्म पहुँच नभएका सबै समुहहरु जस्तैः किशोर, किशोरी, पुरुष, वृद्ध महिला, अपाङ्गता भएका महिलाहरु माझ महिलाबादी अभियन्ताहरुलाई पुग्ने वातावरण निर्माण भएको छ । सामाजिक रुपान्तरण तथा समतामुलक समाज निर्माणको लागि महिला र पुरुषको उत्तिकै सहभागिता हुनुपर्छ भन्ने ओरेकको सिद्धान्तलाई आत्मसात गर्दै यी कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुसँगको अभिमुखिकरण तथा अनुभवहरु आदानप्रदान गर्ने कार्यक्रमलाई पनि सँगसँगै लगिएको छ । स्थानिय सरकार र सरोकारवाला निकायसँग सहकार्यमा काम गर्दै आएको अवस्थामा आवश्यकता र अवस्था अनुरुप घटनाहरु सम्बन्धित निकायमा सिफारिस गरी पठाउने समेत गरिएको छ । यसका लागि कर्मचारीको क्षमता अभिवृद्धिका लागि ओरेकले कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम तथा कार्यक्रमको अभिमुखिकरण सत्र समेत सञ्चालन गरेको छ । यसैगरी २०२४ मार्चको १० देखि १४ सम्म रुकुम पश्चिममा समुदायमा २६ जना महिला नेतृत्वकर्ता तथा महिला मानव अधिकार रक्षकहरुको लागि प्राथमिक मनोसामाजिक उपचार   तथा जाजारकोट जिल्लामा १० सामुदायिक कार्यकर्ताको लागि CPSW सम्बन्धित ५ दिने तालिम आयोजना गरिएको थियो ।  यस तालिमको मुख्य उद्देश्य समुदायमा प्राथमिक मनोवैज्ञानिक सहयोगको आवश्यक ज्ञान तथा सिप प्रदान गर्नुका साथै समुदायका मानसिक स्वास्थ्य समस्याका तथा लैङ्गिक हिंसा केसहरूको पहिचान र संप्रेषण गर्नु हो

# महिला प्रजनन् तथा स्वास्थ्य अधिकारका लागि एकिकृत स्वास्थ्य मेला सञ्चालन

ओरेकले महिला प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि विभिन्न जिल्लामा यस अवधिमा ३ वटा एकिकृत महिला स्वास्थ्य मेला सञ्चालन गरेको छ । जसमा त्रियुगा नगरपालिका वडा न. १६ मा बिहानी महिला सामुदायिक संस्थाको आयोजना र जिल्ला स्वास्थ्य कार्यलय,ओरेक उदयपुर, त्रियुगा नगरपालिका वडा न. १६ जाल्पा चिलाउनेको सहकार्यमा एकिकृत महिला स्वास्थ्य शिविर संचालन गरी जम्मा ७७ जना महिलाहरुले पाठेघरको मुख सुनिएको समस्या (१३ जना), ग्यास्ट्रिकको समस्या (३ जना) , पिसाबको संक्रमण भएका ( ५ जना ) महिनावारी गडबढ भएका (१२ जना) सेतो पानी बग्ने (१२ जना) ढाड कम्मर दुख्ने (५ जना) पाठेघर तेस्रो डिग्रि (१ ज्ना) पाठेघर दोस्रो डिग्रि (२ जना) जस्ता समस्याको स्वास्थ्य परिक्षण गराई लाभान्वीत भएका थिए ।





त्यसैगरी पुथा उत्तरगंगा गाँउपालिका र महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले रुकुम पुर्वको पुथा उत्तरगंगा गाउपालिकामा महिला स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य मेलामा जम्मा ६२९ जना महिलाको स्वास्थ्य जाँच गरिएको थियो भने ७०० जनाले महिला स्वास्थ्य मेलाको भ्रमण गरेका थिए । उक्त समयमा १९ जनालाई मनोविमर्श सेवा पनि प्रदान गरिएको थियो । स्वास्थ्य शिविरमा आउने अधिकांश महिलाहरुमा पाठेघरको समस्या देखिएको र पाठेघरको शल्यक्रिया गर्नुपर्ने र पाठेघरको मुखको क्यान्सर जाँचबाट पोजेटिभ समेत भेटिएको थियो । सिविर सञ्चालनबाट पाठेघर झरेको १० जनालाई शल्यक्रियाका लागि सम्बन्धित अस्पतालमा सिफारिस समेत गरिएको छ ।


कैलाली जिल्लामा पनि ओरेकले ओरेक कैलाली, कैलारी गाउँपालिकाको स्वास्थ्य शाखा र सहास नेपाल कैलालीको संयुक्त आयोजनामा कैलारी गाउँपालिकाका सबै वडाहरुलाई समेट्ने गरी एक दिने नि:शुल्क महिला स्वास्थ्य शिविर सम्पन्न गरेको छ । यो स्वास्थ्य शिविरमा जम्मा ७१२ जना महिला तथा किशोरीहरुलाई प्रजनन् स्वास्थ्य सेवा प्रदान भएको थियो भने ४०१ जनाको पाठेघरको मुखको क्यान्सर परिक्षण गर्दा ७ जनाको रिङ्गप्रेसरी राखी उपचार गरिएको थियो । जसमा २ जनालाई भने शल्यक्रियाका लागि सेती प्रादेशिक अस्पतालमा सिफारिस गर्नुका साथै समस्या देखिएकाहरुलाई नि:शुल्क औषधी समेत प्रदान गरिएको थियो ।



# CSW 68 मा ओरेकका तर्फबाट "असमानतालाई सम्बोधन गर्न संयुक्त कार्य"   नामक भर्चुअल कार्यशाला सञ्चालन



हरेक बर्ष झै २०२४ मा Commission on the Status of Women (CSW68 (मार्चको ११ देखि २२ सम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा **"Accelerating the achievement of gender equality and the empowerment of all women and girls by addressing poverty and strengthening institutions and financing with agender perspective."** भन्ने विषय क्षेत्रमा सञ्चालन भएको थियो । यस कार्यक्रममा ओरेकको तर्फबाट ओरेकका कार्यकारी निर्देशक सुनिता मैनालीको उपस्थिति रहेको थियो । यस कार्यक्रममा महिलाले नेतृत्व गरेका संस्थाहरुको स्रोत माथिको पहुँचमा अवरोधको विषयमा कोलम्बिया, अफगानिस्तान, कङ्गो र नेपालका वक्ताहरुले आफ्नो देशको अवस्था विश्लेषण गरेका थिए ।



यस कार्यक्रममा महिलाले नेतृत्व गरेका स्थानीय संस्थाहरू (WLOs) हरेक सङ्कटको समयमा अग्र पङ्तिमा रहेर काम गरिरहेका भएता पनि उक्त संस्थाको स्रोतमा पहुँचको कमी हुनु र सो हुनुमा प्रस्तावना स्थानीय संस्थामैत्री नहुनु रहेको विश्लेषण गरिएको थियो । उनीहरुको योगदान अनुसारको कामको मान्यता नहुनु मुख्य चुनौति रहेको विषयलाई उठान गर्दै महिलावादीहरुले मानवीय सहायताको क्षेत्र लगायत सबै क्षेत्रहरूमा त्यस किसिमका महिला नेतृ स्थानीय संस्थाको पहिचान, मान्यता र स्रोत माथिको पहुँचको वकालत गर्न वृहत दृष्टिकोण अपनाइरहेको तथ्यलाई अघि सारिएको थियो । यद्यपि, दातृ निकायका '**योग्यताका मापदण्ड**' हरुको कारण उनीहरुको स्रोतमाथिको पहुँचमा बाधा पुगेको र यस्ता कठिनाईले समुदाय तहको आन्दोलनलाई असर गरिरहेको विषयमा गहन छलफल भएको थियो । जसको पक्षमा ओरेकका कार्यकारी निर्देशकले जोड दिनु भएको थियो ।

यस कार्यक्रमले स्रोतलाई स्थानीयकरण गर्न र सामाजिक रूपान्तरणमा योगदान गर्न ऐतिहासिक भेदभावमा आधारित मर्यादित स्रोत व्यवस्थापन आवश्यक छ भन्ने निश्कर्ष निकालेको थियो । यस प्यानलको आयोजना केयर युएसएले गरेको थियो भने साही अवसरमा मार्च १५ मा ओरेकको आयोजनामा एक वटा भर्चुअल समानान्तर कार्यक्रमको समेत आयोजना गरी **असमानतालाई सम्बोधन गर्न संयुक्त कार्य collective action to address inequality** भन्ने गरिएको थियो । जसमा केयर नेपालका प्रमुख मोना शेर्पा, डिआरसी देशको डिएफजे **DFJ** संस्थाका सोङ्गो क्ल्याउडिन, सिरिया महिला पत्रकार सञ्जालका रुला असद र मिसिसिपि व्याक उमन राउन्डटेवलका कार्यकारी निर्देशन क्यासान्ड्रा वेल्चिनहरुले वहस गरेका थिए । यस सत्रको सजहिकरण ओरेकका सुनिता मैनालीद्धारा गरिएको थियो भने कार्यक्रममा वक्ताहरुले विश्वमा महिलाहरुले विभिन्न क्षेत्रहरु जस्तै स्रोत तथा सेवाको पहुँच, शिक्षा, आर्थिक पक्षहरु, शरिरमाथिको नियन्त्रण, प्रविधि आदि पक्षहरुमा भोगेका चुनौतीहरुमा छलफल गरी असमानता र विद्यमान विभेदहरुलाई चिर्न विश्वव्यापी ऐक्यवद्धता र सामुहिक कार्य आवश्यक रहेको निश्कर्ष निकाल्दै र जसका लागि समयसापेक्ष नीति तथा प्रावधान, समुदायमा आधारित आन्दोलन निर्माण, बहु–पक्षिय सहकार्य तथा अन्तरदेशिय मुद्दाको विश्लेषण आवश्यक रहेको निष्कर्ष रह्यो ।

CSW 68 को अवसरमा भएका यी दुवै कार्यक्रमहरु मार्फत ओरेकले समुदायमा रहेका चुनौतीहरुलाई अन्तराष्ट्रिय क्षेत्रमा पैरवीको मुद्दा निर्माण गर्नका लागि भुमिका खेलेको छ । जस मार्फत लुकेका सवालहरुलाई राजनितिक मुद्दाको रुपमा स्थापित गरी निरन्तर वहस गर्न र सम्बन्धित निकायको ध्यानाकर्षण भएको छ ।



# स्थानीय संस्थाको संस्थागत क्षमतावृद्धिका लागि ३ दिने तालिम सम्पन्न




मानविय सहयताको क्षेत्रमा महिलाले नेतृत्व गरेका संस्थाले अग्रपङ्तिमा रहेर कार्य गरिरहेको बावजुद पनि उक्त संस्थाको आन्तरिक तथा वाह्य स्रोत माथिको पहुँच, सञ्जालीकरण र कामको पहिचानमा संरचनात्मक अवरोधहरु रहेको र महिलाको समग्र नेतृत्व र महिला संस्थालाई हेर्ने दृष्टिकोणको कारणले नै मानविय सहायताको क्षेत्रमा महिला संस्थाको पहिचान नभएको अवस्था सिर्जना भएको हो भन्ने महशुसिकरणका कारण ओरेकले महिलाले नेतृत्व गरेका रुपन्देही, कैलाली, दाङ र कपिलवस्तु जिल्लाका सात वटा संस्थाहरुको संस्थागत विकासमा सहजिकरण गरेको छ । यस किसिमको क्षमता अभिवृद्धि कार्यक्रमले उनीहरुको संस्थाहरुको स्रोत माथिको पहुँचलाई सुनिश्चित गर्नका लागि सहयोग पुर्याउने छ भन्ने ध्येयका साथ दाङमा सञ्चालन भएको ३ दिने तालिममा संस्थाको दर्ता प्रकृया, संस्थागत नीति नियम निर्माण आदिमा प्राविधिक सहयोग गरेको हो । महिलाले नेतृत्व गरेको संस्थाहरुको सुचना तथा प्रविधिमा सहयोग गर्नका लागि १० भन्दा बढी संस्थाहरुलाई संस्थागत इमेल निर्माण, इमेलको प्रयोग, विभिन्न डिजिटल तथा सामाजिक सञ्जालको प्रयोग सम्बन्धी सत्रहरु सञ्चालन गरिएको थियो ।

स्थानीय महिलाद्धारा नेतृत्व गरिएका संस्थाको संस्थागत विकासका लागि मार्च महिनामा आयोजना गरिएको उक्त तालिममा महिलाले नेतृत्व गरेका १५ वटा संस्थाको प्रतिनिधित्व भएको थियो । तालिममा सहभागीहरूले संस्थागत विकासका वैचारिक ढाँचा र सिद्धान्तहरू, नेपालमा गैरसरकारी संस्थाहरूका लागि सान्दर्भिक कानुनी र संवैधानिक प्रावधानहरू, संस्थाको सवल र दुर्वल पक्ष, अवसर र चुनौतिहरुको समेत विश्लेषण गरी सम्भावित सरोकारवालाको नक्साङ्कन, मूल्याङ्कन विधिहरू, संस्थागत पहिचान र ब्राण्डिङ, संगठनात्मक विकासका विभिन्न पक्षहरूमा विस्तृत छलफल गरेका थिए । यसका साथै संस्थाको रणनीति, संरचनात्मक शासन प्रणाली, नेभिगेट गर्ने शक्ति, वित्तीय व्यवस्थापन र शासन अभ्यासहरू, मानव संसाधन व्यवस्थापन प्रविधिहरू, सञ्चार रणनीतिहरू, दस्तावेज र प्रतिवेदन प्रक्रियाहरूको बारेमा पनि सत्रहरु सञ्चालन भएका थिए । यस तालिममा प्रस्तावनाको आधारभूत ढाँचा, संस्थागत रूपरेखा, संस्थाका आन्तरिक सुसासनका लागि आचारसंहिताका बारेमा समेत छलफल गरी अन्तिम दिनमा वार्षिक कार्ययोजना तयार गरिएको थियो ।

# युवा मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न




ओरेकले मानव अधिकारको संरक्षण र सम्बर्धनमा समुदाय तहदेखि आवाज उठाउँदै आएका युवा मानव अधिकार रक्षकहरुले काम गर्दाको क्रममा आएका चुनौतीहरु, बढ्दो जोखिम तथा असुरक्षालाई सम्बोधन गर्ने सीप तथा क्षमता अभिबृद्धि गर्ने तथा आफु सुरक्षित रहँदै मानव अधिकारको प्रर्वर्धन र संरक्षणमा आफ्नो महत्वपूर्ण भूमिकालाई थप शसक्त र प्रभावकारी बनाउने उद्देश्यले मार्च २६ र २७ मा लुम्बिनी प्रदेश स्तरीय मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा सम्वन्धि पुनर्ताजगी तालिमको आयोजना गरेको छ । उक्त तालिममा रुपन्देही, कपिलवस्तु, दाङ, नवलपरासी, पाल्पा, बाँके, बर्दिया लगायतका जिल्लाहरुबाट २० जना मानव अधिकार रक्षकहरुको सहभागिता रहेको थियो । तालिममा मानव अधिकार रक्षकहरुको भौतिक, डिजिटल र मनो–सामाजिक सुरक्षा जस्ता विषयवस्तुमा केन्द्रित रहेको थियो ।

तालिमको पहिलो सत्रमा मानव अधिकार रक्षकहरुले काम गर्ने क्रममा विभिन्न. भौतिक असुरक्षाको सामना गर्नुपर्ने भएकाले सो को संवोधनका लागि सबैभन्दा पहिला आफ्नो समुदायमा तत्काल सहयोग गर्न सक्ने बलियो समूह र सञ्जाल निर्माण गर्नुपर्नेमा जोड दिइएको थियो । यसका लागि सहभागीहरुले जोखिमको पहिचान गर्दै व्यक्तिगत तथा संस्थागत सुरक्षा योजना निर्माण गरेका थिए । यसैगरी दोस्रो सत्रमा इन्टरनेट र सामाजिक सञ्जालको उदयसँगै, नेपालमा मानव अधिकार रक्षकहरूले पनि आफ्नो काम र दैनिक जीवनमा इन्टरनेट र डिजिटल प्रविधिको प्रयोग गर्ने क्रम बढ्दो गतिमा रहेको र यसको प्रयोगले समयको बचत, सहज सञ्चार र सम्पर्क स्थापना, मनोरञ्जन र ज्ञान प्राप्ति, छिटो–छरिटो काम सम्पन्न हुने जस्ता प्रशस्तै सुविधा दिने भए पनि यसको प्रयोगको बारे पर्याप्त र सहि जानकारी नहुनाले धेरै प्रयोगकर्ताहरुले इन्टरनेट लगायत अरु डिजिटल प्रविधिको प्रयोगसँगै आउने अनलाइन अकाउन्ट चोरी, मालवेयर संक्रमण, सुचना–डाटा चोरी र अनलाइन ठगी जस्ता सुरक्षा जोखिमहरुको सामाना गर्नुपरेकोमा जोड दिइएको थियो ।

नेपालमा मानव अधिकार रक्षकहरु माथि त्यसमा पनि महिला मानव अधिकार रक्षकहरु माथि अनलाइन मार्फत हुने सुरक्षा जोखिमका घटनाहरुको क्रम पनि बढ्दो छ । तसर्थ, मानव अधिकार रक्षकहरु माथि हुने यस्ता डिजिटल सुरक्षा खतराहरू बारे सचेत हुनुपर्ने र आफूलाई सुरक्षित कसरी बनाउन सकिन्छ भन्ने उपायहरुको बारेमा व्यवहारिक रुपमा छलफल गरिएको थियो । तालिमको तेस्रो सत्रमा मानव अधिकार रक्षकहरुमाथि आउने विभिन्न किसिमका असुरक्षा तथा जोखिमका कारण उनीहरुमा पर्न सक्ने मनोसामाजिक असर र यसबाट बच्नको लागि अपाउनुपर्ने स्वः हेरचाहका उपायहरुको बारेमा विस्तृत छलफल गर्दै विभिन्न अभ्यासहरु गराइएको थियो । उक्त तालिमको सहजिकरण मानव अधिकार आयोगबाट भएको थियो भने महिला मानव अधिकार रक्षकहरुका लागि समग्र रक्षकहरुको भेला हुने अवसर समेत मिलेको थियो ।

# महिला अधिकारका सवालमा ओरेकद्धारा नियमित खवरदारी

ओरेकले २०८० फागुन १७ गते बुधवार साँझ सुन्धाराका सडक व्यापारी माथि काठमाडौं महानगर प्रहरीले गरेको दमन र जथाभावि रुपमा हातपात गरी गम्भीर घाइते भएको घटना प्रति घोर भर्त्सना गर्दै आफ्नो सामाजिक सञ्जाल फेसवुक पेजको  लगायत विभिन्न डिजिटल मिडियाको माध्यमबाट प्रेस विज्ञप्ति जारी गरेको थियो । स्वः रोजगारी श्रमजीवि वर्गका सडक व्यापारीहरुमाथि सृंखलाबद्ध रुपमा यस्ता स्वरुपका हिंसात्माक घटना हुनुले श्रमिक वर्ग प्रति महानगरको दमनकारी दृष्टिकोणको विरोध गर्दै महानगरिय प्रहरीद्वारा सडक व्यपारीमाथि भएको ज्यादति प्रति संस्थाले सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउदै उनीहरुको श्रम अधिकारको सुनिश्चितता र मानव अधिकारको प्रत्याभूति गराउनु राज्यको दायित्व भएकाले त्यस प्रति राज्य गम्भिर र जिम्मेवार हुनु पर्ने  भनी संस्थाले प्रेस विज्ञप्ति जारी गरेको थियो ।




त्यसैगरी मिति २०८० फाल्गुण १२ र १४ गते नेपाल क्रिकेट संघ (CAN) को सम्पन्न केन्द्रिय समितीको बैठकले समान ग्रेडमा महिला र पुरुष खेलाडिको विचमा गरिएको पारिश्रमिक विभेद सम्बन्धि निर्णय संवैधानिक व्यवस्थाको ठाडो उल्लंघन, महिला र पुरुष विचको समान श्रममा गरिएको असमानता तथा विभेदलाई प्रोत्साहन गर्ने गरी आएको अलोकतान्त्रिक निर्णय  प्रति ओरेकको ध्यानाकर्षण भई यसको तत्काल खारेज गरी संविधानतः सुनिश्चित भएको अधिकारहरुको प्रत्याभूतिका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउँदै अर्को प्रेस विज्ञप्ति जारी गरेको  थियो  । समान कामको समान ज्याला हरेक नागरिकको अधिकार भएकाले असमान ज्यालाको व्यवस्था गरी महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा व्यवहार गरेको ओरेकको ठहर रहेको थियो ।




त्यस्तै २०८० फाल्गुण १२ गते रत्ननगर नगरपालिका १० स्थित एकता शिशु निकेतन बोर्डिङ्ग स्कुलको छात्रावासमा बसेर ८ कक्षा पढ्दै आएकी १४ बर्षीय सालिन पोख्रेल झुन्डिएको अवस्थामा फेला परेको भनिएको जघन्य अपराधको घटना प्रति गम्भीर ध्यानकर्षण भई बालिकामाथि भएको यस निर्मम र जघन्य अपराधको घटनाको निष्पक्ष छानविन, दोषीलाई कडा भन्दा कडा कारवाही र पीडित परिवारको सुरक्षा तथा संरक्षणको जोडदार माग गर्दै ओरेकले वाल अधिकारका लागि राज्य तथा सम्बन्धित निकाय जवाफदेही हुनु पर्ने कुरामा जोड दिदै ध्यानाकर्षण पत्र जारी गरेको थियो ।

महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको नेतृत्वमा दिनहुँ बलात्कार, हत्या, हिंसाजन्य गतिविधि र बढ्दो दण्डहीनताको सम्बन्धमा सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराउँदै महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको नेतृत्वमा काठमाण्डौ, सिरहा, रुकुम पश्चिम, उदयपुर लगायतका २२ वटा जिल्लामा जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा ध्यानकर्षर्षण गराएको थियो । साथै बढ्दो दण्डहीनता र यसको जरो कारण र सम्बोधनका लागि गर्नु पर्ने पहलको सम्बन्धमा विभिन्न मानव 

अधिकारकर्मीहरुको भनाईहरु मार्फत दण्डहीनता विरुद्धको सामाजिक सञ्जाल अभियान समेत सञ्चालन गरेको छ ।

यसका साथै ओरेकले विश्व महिलावादी मञ्चमा उठान भएका सवालहरुलाई सम्बोधन गर्नु अहिलेको आवश्यकता हो भन्ने सबै सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउँदै विश्व महिलावादी मञ्च २०२४ द्धारा अनुमोदित घोषणापत्र सार्वजनिक गरी प्रेश विज्ञप्ती जारी गरेको थियो । सरोकारवाला निकायको ध्यानाकर्षण गर्दै राज्यलाई जिम्मेवार र उत्तरदायी बनाउनको लागि सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहेको हुन्छ, त्यसैले ओरेकले सञ्चार माध्यमहरुसंग समन्वय तथा सहकार्य गरी संस्थाबाट नियमित रुपमा अभियान तथा पैरवीमुलक गतिविधिहरु सञ्चालन गर्दै आएको छ त्यसको मुल औजारको रुपमा प्रेस विज्ञप्तिलाई अवलम्वन गरी ओरेकले सरोकारहरुको ध्यानाकर्षणका लागि यो औजारको प्रयोगमा निरन्तरता दिदै आएको छ ।


## "बाझोपन र सरोगेसी" यौन तथा प्रजनन् स्वास्थ्य अधिकार विषयक परामर्श गोष्ठी सम्पन्न

**"हाम्रो गाउँपालिकामा पाँच, छ वर्ष अघि, एकजना विवाहित जोडीले ७ वर्ष सम्म सन्तान नभएपछि श्रीमान् ले दोस्रो विवाह गरे, त्यसबाट पनि सन्तान भएनन्, उनले तेस्रो विवाह गरे तर ती तीनै वटा श्रीमतीबाट कुनै सन्तान भने भएनन्|**

ओरेकले समुदायमा विद्यमान यौन तथा प्रजनन् स्वास्थ्य समस्या, बाँझोपन र एआरटी सम्बन्धी समस्याका सवालमा सरोकारवालाको बुझाइ तथा यस्ता समस्यालाई सम्बोधन गर्न समुदायका मागका बारेमा जानकारी लिने उद्देश्यले यसै विषयमा आधारित अनुसन्धान गरी यौन र प्रजनन् स्वास्थ्य अधिकारसँग सम्बन्धित २८ र २९ फेव्रुअरी २०२४ मा मोरङ जिल्लामा पूर्व–अनुसन्धान परामर्शको आयोजना गरेको छ । उक्त परामर्शमा २६ जना महिला मानव अधिकार रक्षकहरु र युवा नेताहरूलाई महिलावादी सहभागितामा आधारित अनुसन्धानमा सहभागि गराउने उद्देश्यले परामर्श गोष्ठीमा छनौट गरिएको थियो ।

पूर्व–अनुसन्धान परामर्श मार्फत, सहभागीहरूले यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र यसका विद्यमान कानून र नीतिहरूमा भएका व्यवस्था र बाँझोपन र सरोगेसीको बारेमा स्पष्टसँग जानकारी पाउन सफल भएका थिए र यससँग सम्बन्धित आफ्ना साथै सामुदायिक सवालहरुमा छलफलहरू गर्ने मौका पाएका थिए । परामर्शका क्रममा उनीहरू प्रजनन् यौन अधिकारको उल्लङ्घनको बारेमा अनभिज्ञ भएकाले उक्त कार्यक्रम मार्फत यस परामर्शले स्वास्थ्य अधिकारका बारेमा विभिन्न अवयवहरू र यसका कानूनी उपचारहरूबारे अवगत हुने अवसर पाएका थिए । पुर्व अनुसन्धानकर्ताहरुलाई सेरोगेसी तथा बाझोपना महिला प्रजनन् स्वास्थ्य अधिकारको सवाल हो भन्ने बारेको अवधारणागत बुझाइका लागि यो परामर्श गोष्ठीले सहयोग पु¥याएको थियो ।

# ओरेकको सामाजिक सञ्जाल युवा पुस्ताका लागि सुचनाको स्रोत बन्दै




ओरेकले सञ्चालन गरेको सामाजिक सञ्जाल फेसवुक पेज र इन्टाग्राम फलोअरको सँख्या क्रमशः १२२२२ र १२९३ पुगेको छ भने फेसबुक फलोअरको उमेर समुह मध्ये २५ देखि ३४ उमेर समुहको महिला बढी रहेको पाइएको छ जसमा महिलाहरु ५३.४ प्रतिशत रहेको छ । त्यसैगरी इन्स्टाग्राम फलोअरको उमेर समुह पनि २५ देखि ३५ उमेर समुहका र त्यसमा पनि ७० प्रतिशत महिलाहरु रहेको पाइएको छ । जनवरी देखि मार्च २०२४ को फेसवुक फलोअरको अनुपात हेर्ने हो भने जनवरी पछि क्रमशः ओरेकको पेज फलोअरको अनुपात वृद्धि हुदै गएको पाइएको छ । ओरेकले मासिक रुपमा प्रकाशन गर्ने प्रेस विज्ञप्ति, महिला अधिकार उल्लंघनका घटनाहरुको विरुद्धमा प्रकाशन गर्ने प्रेस विज्ञप्ति, महिला अधिकार र सामाजिक न्याय, पर्यावरणिय न्याय र महिला नेतृत्वका सवालमा जनचेतनामूलक सन्देश, सुचना र समाचारहरु आफ्ना सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रशारण गर्दै आएको छ । जसमा यस त्रैमाशिक अवधिमा पेज अध्ययन गर्ने र हेर्नेमा अधिकतम रिच महिला हिंसाका घटना उल्लंघनमा प्रकाशन प्रेस विज्ञप्तीमा भएको पाइएको छ भने अधिकतम रियाक्सन महिलाका सवालमा युवा नेतृत्व विषयक सूचनामूलक पोष्टरले पाएको छ । त्यसैगरी  अधिकतम कमेन्ट ओरेकको वार्षिक उत्सवको अवसरमा संस्थापक अध्यक्षको शुभकामना सन्देशमा प्राप्त भएको छ ।




# न्यायमा महिलाको पँहुच वृद्धिमा ओरेकको निरन्तर पैरवी एक घटना अध्ययन


ओरेकले प्रभावितको न्याय प्राप्तिका लागि उपलब्ध गराउँदै आएको कानूनी परामर्श तथा सेवा उदयपुर जिल्ला कार्यालय मार्फत पनि सञ्चालन  गर्दै आइरहेको छ । उक्त संस्थागत कानूनी परामर्श तथा सेवा सहयोगले उच्च अदालत, विराटनगरमा जबरजस्ती करणी मुद्दामा पुर्पक्ष गरिरहेकी प्रभावितको न्यायको पहुँचमा देखिएको अवरोध र जटिलता बारे ओरेकको गम्भीर ध्यानाकर्षण भएको र २०८० माघ २३ मा भएको उक्त घटना विराटनगर स्थित उच्च अदालतमा पेशी कुरेर बसेकी प्रभावित महिलाले पेशीको समय नपाइकन पिडकको पक्षमा फैसला भएको घटनामा आधारित थियो । जवरजस्तिकरणी सम्बन्धि उक्त मुद्धाको फैसला आरोपितको पक्षमा भइसके पश्चात् आरोपितले सिधै जेलबाट निस्केर पीडितलाई धम्याएको  र प्रभावित महिलाले उक्त

अवस्थामा आफ्नो सुरक्षा र आत्मसम्मानको दृष्टिकोणले आफ्नो घर जान नसकेको मानसिक असरबाट ग्रस्त हुनु परेको थियो । ओरेकले उक्त घटनालाई विश्लेषण गर्दा प्रभावितको पेशी तोकेको दिन प्रभावित स्वयं अदालत समयमै पुग्दा पनि प्रभावकारी सञ्चारको अभावको कारणले उपस्थित हुन नसक्दा फैसला आरेपितको पक्षमा भएको र प्रभावितको स्वच्छ सुनुवाईको हक कुण्ठित हुन गएको देखिन्छ । मुद्धा फैसला हुने दिन पालो आउँछ भनेर कुर्न लगाउने र पछि आज आउँदैन भनेर फिर्ता पठाउने कर्मचारीहरुको व्यवहार आफैंमा शङ्कास्पद छ । त्यसैगरी हिंसा प्रभावित महिलालाई हेर्ने दृष्टिकोण र महिला प्रभावितलाई गरिने व्यवहार उदासिन रहेको र कुनै हदसम्म सुनियोजित हो कि भन्ने संका गर्न सकिन्छ । जसका कारण अधिकांश मुद्धाहरु पीडककै पक्षमा केन्द्रित हुने हाम्रो जस्तो पितृसत्तात्मक समाजमा पीडकको पक्षमा फैसला सुनिश्चित गर्न गरेको नियोजित योजना त हैन भन्ने प्रश्न खडा भएको छ ।

प्रभावितहरुको आशा र भरोसाको केन्द्र सम्मानित अदालत भित्रका केहि कर्मचारीहरुको व्यवहार, प्रभावितहरुको न्यायमा पहुँच वञ्चित गर्ने खालको भएको हुँदा न्यायालय प्रति प्रभावितहरुको आशा र भरोसाको जग नै डग्मगाउने वातावरण बनिदिँदा विभिन्न तरिकाले प्रभावितको न्यायमा सहजै पहुँच सुनिश्चित नभएको अवस्थामा अदालतले प्रभावितको निष्पक्ष न्यायिक सुनुवाईको अधिकारबाट बञ्चित हुन नदिन र मुद्दाको सूचना प्रणाली प्रभावित मैत्री बनाउन ओरेकले महान्यायधिवक्ताको कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएको र जसका कारण हाल उक्त मुद्धा पुनरावेदन गर्नका लागि प्रभावितलाई मिसिल कुरिअर भएको जानकारी प्राप्त भएको छ ।

## महिला हिंसाका घटना तथा दस्तावेजिकरणमा ओरेकको निरन्तरता

ओरेकले महिला हिंसाका घटनाको दस्तावेजिकरणबाट पुनः घरेलु हिंसाको स्वरुप नै बढी भएको र यसका साथै सामाजिक हिंसा, बलात्कार, वैवाहिक बलत्कार, यौन दुर्व्यवहारका घटना देखिनुले महिलामाथि हिंसा बढीरहेको र हिंसाका स्वरुप र प्रकृति भने परिवर्तन भएको देखिन्छ । त्यसैगरी राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनालाई विश्लेषण गर्दा ६४ वटा समाचारहरु बलत्कार प्रयास, घरेलु हिंसा, मानसिक हिंसा, सामाजिक हिंसाका घटनाहरु देखिएका छन् ।यस समयमा ओरेकका विभिन्न जिल्लामा दर्ता भएका घटनाको दास्तावेजिकरणका अनुसार जम्मा ३२९ वटा महिला हिंसाका घटना दर्ता भएका छन् भने जसमध्ये १७० वटा अर्थात ५२ प्रतिशत घरेलु हिंसाकै घटना दर्ता भएका छन् ।



## हिंसा प्रभावितका लागि अत्यावश्यक सेवा सञ्चालन तथा प्रवाहमा  निरन्तर खवरदारी तथा पैरवी

ओरेकले यस अवधिमा विशेष गरी धनुषा जिल्लामा बढ्दो महिला हिंसा र हिंसा प्रभावित महिलाहरुको लागि आवश्यक सुरक्षावास सेवालाई अत्यावश्यक सेवाको रुपमा लिएर सुरक्षावास सञ्चालनका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाउँन निरन्तर पैरवी गर्दै आएको छ । यसै सन्दर्भमा हिंसा प्रभावितहरुको सुरक्षावास, मनोविमर्श, कानुनी सहयोग लगायतका सेवाहरुको आवश्यकता सम्बन्धमा छलफल गर्नका लागि धनुषा जिल्लाका १८ वटै पालिकाका जनप्रतिनिधिहरुको उपस्थितीमा बैठक समेत सम्पन्न गरिएको छ । सुरक्षावास सेवाको निरन्तर सञ्चालनका लागि जनकपुरधाम उप–महानगरपालिकाले नेतृत्व लिने र धनुषाका १८ वटै पालिकाहरुबाट बास्केट फण्ड निर्माण गरी सुरक्षा अवासको नियमितताका लागि बजेटको व्यवस्था गर्ने निर्णय गरिएको छ । सोही निर्णय बमोजिम सुरक्षा अवास सञ्चालन कार्यविधि निमार्ण गर्नका लागि नौ सदस्यिय समिति गठन भई कार्यविधि निमार्ण समेत भईसकेको छ ।

## लैङ्गिक हिंसा प्रभावितलाई सुरक्षावास लगायतका अन्य सेवा उपलब्धतामा निरन्तरता

ओरेकले निरन्तर रूपमा हिंसा प्रभावित महिला तथा किशोरीहरुका लागि आवश्यक सुरक्षित आवास सेवा उपलब्ध गराउँदै आएकोमा यस अवधिमा पनि निरन्तरता दिएको छ । लैङ्गिक हिंसा विरुद्धको अभियानमा सुरुवातदेखि नै आफ्ना अभियानमा संस्थाले सुरक्षा आवासको व्यवस्थापन गरी हिंसा प्रभावित महिला तथा वालिकाहरुको सर्वोत्तम हितको सुनिश्चितताका लागि कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । हाल संस्थाले आफ्नै पहलमा तथा स्थानीय सरकार र अन्य गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा उदयपुर, मोरङ्ग, सुनसरी र जनकपुरमा गरी ४ वटा सुरक्षावास मार्फत गुणस्तरीय सेवा प्रदान गर्दै आइहेको छ । यस ३ महिनामा संस्थाले आफ्ना ४ वटा सुरक्षावास मार्फत ६६ जना हिंसा प्रभावितलाई सुरक्षावास सेवा, मनोविमर्श सेवा, कानुनी परामर्श तथा सहयोग, दिगो जीविकोपार्जन सहयोग, शैक्षिक सहयोग लगायतका सेवाहरु प्रदान गरेको छ । सुरक्षावासमा आएका ६६ वटा घटना मध्ये १८ वटा लैङ्गिक हिंसाका घटनालाई सुरक्षावास लगायतका सेवा तथा सहयोगको लागि अन्य संस्थाहरुमा रेफर गरिएको छ । यस अवधिमा काठमाण्डौमा संकलन भएका लैङ्गिक हिंसाका घटनाका हिंसा प्रभावितहरु मध्ये ४९ जनालाई कानुनी परामर्श प्रदान गरिएको छ । जस मध्ये हिंसा प्रभावितहरुको तर्फबाट अंश चलन ११, ज.क. २, सम्बन्ध विच्छेद ६, जालसाज २, माना चामल २, लिखत बदर ५, बहुविवाह १, गाली बेइज्जती ३, निषेधाज्ञा १, रिट २, सम्पत्ति रोक्का २, मिसिङ २  प्रकृतिका जस्ता मुद्धाहरु दर्ता गरिएको छ । दर्ता भएका मुद्धाहरु क्रमशः जिल्ला अदालतमा २५, उच्च अदालतमा ३, सर्वोच्च अदालतमा २, अर्धन्यायिक निकायमा ९ वटा रहेका छन् । साथै विभिन्न कारणले गर्दा न्याय पहुँचमा कठिनाई भएका २ वटा घटनामा महान्यायधिवक्ता कार्यालयमा संस्थाका तर्फबाट ध्यानाकर्षण पत्र समेत बुझाइएको छ ।

# हार्दिक बधाई



**ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा आयोजित मानव अधिकार पुरस्कार २०८० मा सम्माननीय प्रधानमन्त्रीबाट सम्मानित हुनु भएकोमा ओरेक परिवार उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ | उहाँको मानव अधिकार सम्बर्धन र संरक्षणको यात्रा अझ सशक्त बनोस् र यस यात्रामा उँहा युवा पुस्ताको हौसला र प्रेरणाको श्रोत बनिरहनुहोस् , उँहालाई धेरै - धेरै शुभकामना ।**

@worec
@worec-nepal
worecnepal
worecnepalorg


ओरेक
बालकुमारी, ललितपुर फोन नं ०१-५१८६०७३
ईमेल :ics@worecnepal.org
वेबसाइट:www.worecnepal.org
हटलाईन नाम्बरारु: १६६००१७८९१० १६६०२१५२०००


WOREC